# बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

राष्ट्रिय आलु, तरकारी तथा मसला वाली विकास केन्द्र

खुमलटार, ललितपुर

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

स्वीकृत मितिः २०७५/६/....

## पृष्ठभूमी

देशको कूल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेकोमा दुईमत छैन। नेपालको जमीन बर्षेनी नदी कटानबाट बगरमा परिणत भईरहेकाले खेतीयोग्य जमीन घट्दो क्रम बढिरहेको छ, जसले गर्दा समग्र उत्पादन र उत्पादकत्व बढ्न सकिरहेको छैन। यसै सन्दर्भमा बगरमा परिणत भएका नदी/खोला किनारका जग्गाहरुलाई उपयोग गरी भूमीहिन र न्यून आय भएका कृषकहरुलाई बगरमा तरकारी खेती गराई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने गरी कृषकहरुको जीवनस्तर सुधार गर्ने उद्देश्यले नेपाल सरकारले आ.व. २०७३/७४ मा बगरखेती कार्यक्रमलाई बिशेष महत्व दिई बजेट बक्तव्य मार्फत कार्यक्रम सञ्चालन गर्ने गरी बजेट व्यवस्था गरेको थियो र पुनः चालु आ.व.को स्वीकृत कार्यक्रममा बगरखेती प्रवद्धनका लागि बजेट बिनियोजन भएको हुँदा सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न "बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" तयार गरिएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिवाट नेपालभर लागू हुनेछ।

(३) यस आ.व. २०७५/०७६ मा वगर खेती कार्यक्रम सुनसरी, कपिलवस्तु, र कञ्चनपुर जिल्लाहरुमा संचालन गरिने छ। आगामी आ.व.हरुमा कार्यक्रम संचालन गरिने जिल्लाहरु वार्षिक कार्यक्रममा उल्लेख भएमा सोही वमोजिम र नभएमा राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्रले तोक्ने छ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "बगर खेती कार्यक्रम" (Riverbed/River Bank Farming Program) भन्नाले नदी/खोला किनारका खेर गैरहेका बगरमा संचालन गरिने तरकारी खेती/उत्पादन तथा विक्री वितरण भन्ने बुझ्नु पर्दछ।

(ख) "बगर" भन्नाले नदी/खोला किनारको उकास जमीन भन्ने बुझ्नु पर्दछ।

(ग) "तरकारी खेती" भन्नाले नदी/खोला किनारका बगरहरुमा लगाइने तरकारी बालीहरु जस्तैः लौका, घिरौला, फर्सी, जुकीनी, काक्रा, तरबुजा, खरबुजा, परवल, करेला तथा अन्य लहरे तरकारी वालीको खेती भन्ने बुझ्नु पर्दछ।

सचिव

३. उद्देश्यः (१) यस कार्यक्रमका उद्देश्यहरु देहाय वमोजिम रहेको छन् –

(क) नदी/खोला किनारको बलौटे उकास जग्गाको सदुपयोग गरी तरकारीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने।

(ख) न्यून आय भएका र भूमीहीन कृषकहरुलाई रोजगारी तथा आय आर्जनको अवसरहरु श्रृजना गरि जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने।

## परिच्छेद–२

## बगर खेती कार्यक्रम तथा कार्यक्रम सञ्चालन विधि

४. **बगर खेती कार्यक्रम सञ्चालन गर्ने निकाय**

(१) यस कार्यविधि अन्तर्गत बगरमा तरकारी उत्पादन कार्यक्रम संचालन गरिनेछ।

(२) यस कार्यक्रम संचालनमा प्रर्वनात्मक, अनुगमन तथा क्षमता विकास लगायतका क्रियाकलापहरु राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्रले गर्ने छ।

(३) सम्वन्धित कृषि ज्ञान केन्द्रले जिल्लामा अनुदान रकम उपलव्ध गराउने, अभिमुखिकरण गोष्ठी, वजार व्यवस्थापन गोष्ठी, स्थलगत तालिम संचालन गर्ने साथै उक्त कार्यक्रमहरुको अनुगमन कार्य गर्नेछ।

(४) बगर खेती कार्यक्रम तोकिएको जिल्लाको कृषि ज्ञान केन्द्र मार्फत संचालन हुनेछ ।

५. **बगर खेती कार्यक्रमको लागि कृषक समूह/कृषि सहकारी/कृषि फर्म/ कृषि कम्पनी तथा क्लष्टर छनौटका आधारहरुः**

(१) बगर खेती गरिने स्थल नदी/खोला किनार आसपासको उकास वा बगर हुनुपर्नेछ।

(२) कार्यक्रममा भूमीहिन, न्यून आय भएका तथा सामाजिक रुपमा पछाडि पारिएका वर्गलाई विशेष प्राथमिकता दिईनेछ।

(३) विगत वर्षदेखि बगरमा तरकारी खेती गर्दै आएका कृषक समूहको हकमा दफा ७ मा तोकिए बमोजिम थप क्षेत्र विस्तार भएको हुनु पर्नेछ भने पहिलो पटक बगरमा तरकारी खेती गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथाकृषि कम्पनी पनि यस कार्यक्रममा संलग्न हुन सक्नेछन्।

(४) बगर खेती आफ्नै जमीन, भाडा वा करारमा लिइएको जमीनमा गर्न सकिनेछ।

(५) यो कार्यक्रम नदी/खोला किनारको आसपासको कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथाकृषि कम्पनी मार्फत क्लष्टरमा संचालन गरिनेछ।

(६) बगर खेती कार्यक्रम संचालनका लागि सम्बन्धित कृषि ज्ञान केन्द्रले जमीनको उपलब्धता, बगर खेतीको व्यवसायीकरणको संभावना लगायत अन्य आवश्यक मापदण्ड तयार गरि सोको आधारमा सम्वन्धित स्थानिय तहसँग समन्वय गरि क्लष्टर छनौट गर्नेछ।

६. **बगर खेती कार्यक्रम संयोजक र नीजको दायित्वः**

(१) वगर खेती कार्यक्रमको संयोजन कृषि ज्ञान केन्द्रमा कार्यरत वागवानी विकास अधिकृतले गर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) वागवानी विकास अधिकृतको दरवन्दि रिक्त भएमा वा नभएमा कृषि ज्ञान केन्द्रको प्रमुखले तोकेको अधिकृतले कार्यक्रमको संयोजन गर्नेछ

(३) कार्यक्रम संयोजकको दायित्व देहाय बमोजिम हुनेछ -

क) कृषि ज्ञान केन्द्रवाट छनौट भएका क्लष्टरहरुमा बगर खेती कार्यक्रम संचालन गर्ने।

ख) जिल्लामा बगर खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ, स्थानीय तह र कृषि ज्ञान केन्द्रको सहयोगमा प्राविधिक सेवाटेवा, निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्ने ।

ग) सम्पन्न कार्यहरुको अभिलेख राख्नुपर्नेछ र निर्दिष्ट फर्मेटमा राष्ट्रिय आलु, तरकारी तथा मसला विकास केन्द्रमा तोकिएको समयमा प्रगति प्रतिवेदन पेश गर्ने।

घ) क्लष्टरका कृषक र विमा कम्पनीका वीचमा बगरमा गरिएको तरकारीको विमाका लागि समन्वयात्मक भूमीका निर्वाह गर्ने।

७. <u>बगर खेती कार्यक्रम संचालन प्रक्रिया:</u>

(१) स्वीकृत कार्यक्रम तथा अख्तियारी प्राप्त भएपछि सम्बन्धित कृषि ज्ञानकेन्द्रले कार्यक्रम संचालन/कार्यान्वयन गर्नेछ।

(२) सम्बन्धित ज्ञान केन्द्रले बगरखेती कार्यक्रम कार्यान्वयनका लागि क्लष्टर छनौट गरी कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी लाई जानकारी गराई कार्यक्रम कार्यान्वयनका लागि परिचालन गर्नुपर्नेछ।

(३) छनौट गरीएका कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा सहकारीसंग अनुसूची १ मा उल्लेखत भएको ढाँचामा संझौता गरी स्वीकृत कार्यक्रम अनुसारका क्रियाकलापहरु कार्यान्वयन तथा संचालन गर्नुपर्नेछ।

(४) यस कार्यक्रममा सहभागी हुन चाहने कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा सहकारीले कम्तीमा प्रति क्लष्टर ५ विघा क्षेत्रफल बगरमा तरकारी खेती गर्नुपर्नेछ।

(५) छनौट गरिएका क्लष्टरलाई आबश्यक्ता र मागको आधारमायस कार्यक्रम मार्फत तालिका १ अनुसार प्रति क्लष्टर वढिमा एक लाख तीस हजार अनुदान रकम उपलब्ध गराइनेछ। छनौट गरिएका क्लष्टरले उत्पादन सामाग्रीहरु खरिद गरि कार्य प्रारम्भ गर्नु पर्नेछ र वगरमा वाली स्थापित भएपछि कार्य सम्पादनको आधारमा वढिमा ५० प्रतिशत रकम पहिलो किस्ता वापत भुक्तानी गरिनेछ।

<u>तालिका १ अनुदान प्रवाह सम्वन्धि विवरण</u>

| क.स. | विवरण | परिमाण |
|---|---|---|
| १ | तरकारीको वीउ वितरण | आवश्यक्ता अनुसार |
| २ | सिंचाई व्यवस्थापन सामाग्री सहयोग | २ एच.पि. को पानी तान्ने पम्प, २ इन्चको सिचाई पाइप आदी |
| ३ | वजार व्यवस्थापन सामाग्री सहयोग | क्रेट, तराजु आदी |
| ४ | रासायनिक विषाधि वाहेकका अन्य वैकल्पिक वाली | मोहिनी पासो, जैविक विषाधी, कलर ट्र्याप आदी |

३

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क.स. | विवरण | परिमाण |
|---|---|---|
| | संरक्षणका विधिहरूको लागि सहयोग | |
| ५ | विषाधि प्रयोग गर्ने उपकरण सहयोग | व्याट्रिवाट चल्ने स्प्रेयर, मास्क, एप्रोन आदी |
| ६ | तरकारी वालीको लागि स्थानियस्तरमा उपलव्ध सामाग्रीवाट अस्थायी घेरवार तथा छापो | आवश्यक्ता अनुसार |
| ७ | वगर जग्गा करार वा भाडामा लिने (आवश्यक भएमा) | प्रति क्लष्टर वढिमा रु १०,०००।- अनुदान |
| ८ | वजारीकरणको लागि प्रति विघा अनुदान नगद रु ५०००।- | उत्पादन तथा वजारीकरण सम्वन्धि विवरण प्राप्त भईसके पछि भुक्तानी दिने |

(६) कार्यक्रम संयोजकले फिल्ड अनुगमन गरी सकेपछि अनुगमन प्रतिवेदनका आधारमा सम्झौता अनुसार सम्पादित क्रियाकलापको लागिवाँकी अनुदान रकम भुक्तानी गरिनेछ।

(७) यस कार्यक्रम अन्तर्गत छनौट भएका कृषक समूहले बसन्ते तरकारी वालीहरु जस्तैः लौका, घिरौला, फर्सी, जुकीनी, काँक्रो, तरबुजा, खरबुजा, परवर, करेला तथा अन्य लहरे तरकारी वालीको खेती गर्नुपर्नेछ।

८. <u>कार्य सम्पन्न प्रतिवेदन</u>: (१) कृषि ज्ञान केन्द्रले जिल्लामा संचालित बगर खेती कार्यक्रमको प्रगति कम्पाईल गरी अनुसूची २ अनुसारको मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्वन्धित प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तरगतका निकाय र राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्रमा तोकिएको समय भित्र पेश गर्नुपर्नेछ।

## परिच्छेद–३

## विविध

९. <u>अनुगमन तथा मुल्याकन व्यवस्थाः</u> (१) कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं प्रदेश स्तरीय निर्देशनालयहरु र स्थानीय तहबाट आवश्यकता अनुसार एवं राष्ट्रिय आलु, तरकारी तथा मसला विकास केन्द्र र कृषि ज्ञान केन्द्रबाट नियमित अनुगमन गरिनेछ।

१०. <u>कारवाहीको व्यवस्थाः</u> (१) कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कारवाही हुनेछ।

११. <u>प्रचलित कानून लागू हुनेः</u> (१) बगर खेती कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ।

१२. <u>बाली बिमाः</u> (१) हरेक कृषक/कृषक समूह तथा सहकारीले आवश्यक्ताको आधारमा वाली विमा गर्न सक्नेछन्।

१३. <u>कार्यबिधि संशोधन, परिमार्जन तथा खारेजीः</u>

(१) कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन, संशोधन एवं खारेजी गर्न सक्नेछ।

(२) यस कार्यविधिको प्रारम्भसँगै "वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३" स्वत खारेज हुनेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची – १

(कार्यविधिको दफा ८ (१) संग सम्बन्धित)

## बगर खेती कार्यक्रम संचालनको लागि गरिने सम्झौता–पत्र

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग/राष्ट्रिय आलु, तरकारी तथा मसला विकास केन्द्रको आर्थिक सहयोगमा कृषि ज्ञान केन्द्र ........ मार्फत संचालन गरिने चालु आ.व. ०७५।०७६ को बगर खेती कार्यक्रम संचालन गर्न कृषि ज्ञान केन्द्र ................, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), र ............................................................................................................ कृषि फार्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपसिलका शर्तहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती गरिएको छ।

१. दोश्रो पक्षले बगरमा तरकारी खेती गर्नका लागि कम्तीमा ५ विघाको क्लष्टर बनाई लहरे तरकारी खेती गर्नुपर्नेछ।

२. पहिलोपक्षले बगरखेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५परिच्छेद २ को दफा ७(ङ) अनुसारको उत्पादन सामाग्रीको लागि सम्पादित क्रियाकलाप अनुसार अनुदान रकम वगरमा वाली स्थापित भए पछि कार्य सम्पादनको आधारमा वढिमा ५० प्रतिशत पहिलो किस्ता वापत र वाँकी रकम कार्यक्रम सम्पन्न भईसके पछि भुक्तानी गर्नेछ र कार्यक्रम अनुसार घुम्ती तालिम संचालन गर्नेछ।

३. पहिलो पक्षवाट दोश्रो पक्षलाई बगर खेती सम्बन्धी आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गरिनेछ।

४. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन निरीक्षण गर्नेछ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा पर्न सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रोपक्ष स्वयं आफै हुनेछ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
| --- | --- |
| कृषि ज्ञान केन्द्रको तर्फवाट | कृषक समूह/कृषि सहकारी/कृषि फार्म/कृषि कम्पनीको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

सचिव

अनुसूची – २

(कार्यविधिको दफा ८ (१) संग सम्बन्धित)

**बगर खेती कार्यक्रमको प्रगती विवरण पठाउने फारामको ढाँचा**

१. कृषक समूह/कृषि सहकारी/कृषि फार्म/कृषि कम्पनी

नामः

ठेगानाः

३. आ.व. ४. प्रगति प्रतिवेदन अवधीः चौमासिक/वार्षिक

| क.स. | कृषकको नाम | तरकारी वालीको नाम | क्षेत्रफल (हेक्टर) | उत्पादन(मे.टन) | विक्री मूल्य रु. (प्रति मे.टन) | कूल आम्दानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति ईकाई उत्पादित तरकारीको स्थानीय वजारमा विक्रि मूल्यः

१. ....... २. ....... ३. ....

नामः मितिः

ठेगानाः

सचिव